म.जि.प्र.का दर्ता नः
१०४/०६७/०६८

म.जि.हु.का.द.नं.
३०/०६९/०७०

बागमती प्रदेशको राजधानी हेटौंडाबाट प्रकाशित लोकप्रिय 'क' वर्गको समाचारपत्र

# समृद्ध समाज

SAMRIDDHA SAMAJ NATIONAL DAILY राष्ट्रिय दैनिक

वर्ष:१५ अङ्क:- १६ २०८० मंसिर १७ गते आइतबार 3 December 2023, Sunday - पृष्ठ ४ मूल्य रु. ५/-

गुणस्तरीय अनि विश्वसनीय प्रयोगशाला
QRL (Qualified Reference Lab)
हामीकहाँ थाइराइड, बायप्सी, रुटिन टेस्ट, भिटामिन जाँच, क्यान्सर मार्करलगायत प्रयोगशाला सेवा रहेका छन् । हरेक महिनाको अन्तिम शनिबार थाइराइड परीक्षणमा ५० प्रतिशत छुट, फास्टिङ तथा पीपीमा सुगर टेस्ट फ्रि ।

**सम्पर्क** ०५७-५९०९७७
QRL (Qualified Reference Lab)
हेटौंडा-१, ब्लडबैंकअगाडि

## हेटौंडा कप एसियाली बुद्धिचाल प्रतियोगिताः

# भारतीय र बंगलादेशी खेलाडी उपाधि नजिक



प्रतियोगितनकम उच्च वरियताका खेलाडी २३९३ रेटेड शुभयान कुन्डु



आइएम उदिन मिनाज मोहम्मद

समाज संवाददाता

हेटौंडाः हेटौंडा कप एसियाली खुला रेटिङ बुद्धिचाल प्रतियोगिताअन्तर्गत् शनिबार साँझसम्ममा सातौं चरणको खेल सम्पन्न भएको छ। प्रतियोगिताको संयोजक धरम लामाका अनुसार सातौं चरणको खेल सम्पन्न हुँदा भारतीय खेलाडी शुभयान र बंगलादेशी खेलाडी मिनहाज अग्रस्थानमा छन् ।

प्रतियोगितामा भारतीय २ हजार ३ सय ९३ रेटेड शीर्ष खेलाडी शुभयानले भारतकै राहुल गुरुङविरुद्ध कारोकान प्रणालीमा सेतो गोटीबाट खेल आरम्भ गरेका थिए । उक्त खेलमा राहुलले छैटौं चालअन्तर्गत् बिसप डी सिक्स चाल्दै सानो गल्ती गर्न पुगे । जसको फाइदा लिँदै शुभयानले सोह्रौं चालभित्र छिटो खेल आफ्नो पक्षमा लिन सफल भए ।

शुभयानले सात चरणमा पाँच जित र दुई बराबर गर्दै ६ अंकका साथ अग्रस्थानमा छन् । आठौं चरणको खेलमा उनले बंगलादेशी २ हजार १ सय ९३ रेटेड एफ अहमद शेख नासिरसँग कालोगोटी लिएर प्रतिस्पर्धा गर्नेछन् । यस प्रतियोगितामार्फत् ७ रेटिङ वृद्धि गर्दै अन्तर्राष्ट्रिय आईएम उपाधि प्राप्त गर्ने लक्ष्य रहेको उनले बताए ।

शनिबार सम्पन्न दोश्रो बोर्डमा २ हजार २ सय १७ रेटेड बंगलादेशी आईएम मोहम्मद मिनहाज उद्दिनले भारतीय १ हजार ९ सय ७६ रेटेड खेलाडी एएफएम सौरव चौबेमाथि कठिन जीत दर्ता गर्दै ६ अंकका साथ संयुक्त अग्रस्थानमा उभिन सफल बने । आईएम मिनहाजले ओपन सिसिलियन भारिएसन इफोसी सिक्स, नाइट एफथ्री नाइट एफसिक्सबाट खेल सुरु गर्दै ४२ औं चालमा चलाखी गर्दै पाउन अप गरे । उपाधिका लागि जित्नै पर्ने आठौं चरणको अर्को खेल उनकै समकक्षी बंगलादेशी एफएम सरिफ होसेनसँग कालो गोटी लिएर खेल्नेछन् ।

प्रतियोगितामा बंगलादेशी एफएम नयम हक, भारतका अमरदीप बर्टक्के, अरबिन्दर प्रित सिं, बंगलादेशी आईएम सकिल अबु सफिन, एफएम सरिफ होसेन र एफएम शेख नासिर ५.५ अंक जोड्दै सामूहिक दोश्रो स्थानमा सुरक्षित रहन सफल भएका छन् । आठौं चरणको खेलमा नयन हकले अबु शेखसँग, अमरदीपले अरबन्दर प्रितसँग, नासिर शेखले शुभयानसँग र सरिफ होसेनले मिनहाजसँग प्रतिस्पर्धा गर्नेछन् ।

खेलमा एरिना आईएम शुश्रुत दहाल, युवा खेलाडी पुरुषोत्तम सिलवाल र कुशल बेलवासे ४.५ अंक बनाएर नेपाली खेलाडी मध्येबाट अगाडि रहन तछाडमछाड गरिरहेका छन् । उनीहरुसँगै पूर्व नेपाल च्याम्पियन फिडे मास्टर पुरुषोत्तम चौलागाई, झापाका राजन सुवेदी, वर्तमान नेपाल च्याम्पियन एफएम रुपेश जैसवाल, युवा स्वर्णिम दुवाल र मुहान श्रेष्ठ समान ४ अंक प्राप्त गर्दै खेलिरहेका छन् ।

यस्तै, भारतीय महिला खेलाडी मरियम फातिमा ४.५ अंकका साथ पहिलो र श्रीलंकन महिला खेलाडी सचिनी रानासिंघे ४ अंक बनाई दोश्रो स्थानमा रहन सफल भएका छन् । नेपालका भेट्रान खेलाडी मोहन सिं प्रधानले ३ अंक जोड्दै आफूलाई प्रतिस्पर्धामा उभ्याउन सफल भएका छन् ।

प्रतियोगिता आइतबार सम्पन्न हुनेछ । प्रतियोगिताको विजेताले १ लाख २५ हजार रुपैयाँ प्राप्त गर्नेछन् भने द्वितीय हुनेले ७५ हजार रुपैयाँ प्राप्त गर्नेछन् । यस्तै, तृतीय हुनेले ४० हजार रुपैयाँ, चौथो हुनेले २५ हजार रुपैयाँ र पाँचौं हुनेले २० हजार रुपैयाँ प्राप्त गर्नेछन् । छैटौंदेखि १० औं स्थानमा रहनेलाई प्रतिखेलाडी १५ हजार रुपैयाँ र ११ औंदेखि १५ औं हुने खेलाडीहरुले जनही ११ हजार रुपैयाँ प्राप्त गर्नेछन् ।

## उपमेयर कप भलिबल प्रतियोगिता

# पुरुषतर्फ १७ र महिलातर्फ ९ नम्बर वडालाई उपाधि



*पुरुष तर्फ प्रथम हुने खेलाडीहरुको सामुहिक तस्विर*

समाज संवाददाता

हेटौंडाः छैटौं संस्करणको हेटौंडा उपमहानगरपालिकास्तरीय उपमेयर कप भलिबल प्रतियोगितामा पुरुषतर्फको उपाधि वडा नम्बर १७ र महिलातर्फको उपाधि वडा नम्बर ९ ले जितेको छ । हेटौंडा-१९, नेवारपानीमा भएको फाइनल खेलमा पुरुषतर्फ ११ नम्बर वडालाई ३-२ सेटले हराउँदै वडा नम्बर १७ ले उपाधि जितेको हो भने महिलातर्फ वडा नम्बर १२ लाई ३-१ सेटले हराउँदै ९ नम्बरले उपाधि जितेको हो ।

पहिलो सेट १७-२५ ले गुमाएको वडा नम्बर १७ ले दोस्रो र तेस्रो सेटमा २५-२२ र २५-२३ ले आफ्नो पक्ष पारेको थियो । चौथो सेट १७-२५ ले गुमाए पनि अन्तिम सेटमा १५-१७ ले पराजित गर्दै उपाधि आफ्नो नाममा पाऱ्यो । महिलातर्फको खेलमा पहिलो सेट २५-१७ ले गुमाएको वडा ९ ले दोस्रो, तेस्रो र चौथो सेटमा २५-१६, २५-२३ र २५-२२ ले वडा १२ लाई पराजित गर्दै उपाधि जितेको हो ।

पुरुषतर्फ शनिबार बिहान भएको सेमिफाइनल खेलमा वडा नम्बर ५ लाई ३-१ सेटले हराउँदै वडा नम्बर १७ फाइनलमा प्रवेश गरेको थियो भने १९ नम्बर वडालाई ३-२ सेटले पराजित गदै वडा नम्बर ११ फाइनलमा प्रवेश गरेको थियो। महिलातर्फको सेमीफाइनल खेलमा वडा ९ ले १४ लाई ३-१ को सेटले पराजित गर्दै फाइनलमा प्रवेश गरेको थियो।

पुरुषतर्फ वडा नम्बर १६ का खेलाडी विवश तिमल्सिना उदियमान खेलाडी घोषित भएका छन् । वडा ११ का निश्चल लामा उत्कृष्ट स्पाइकर घोषित भएका छन् भने वडा १७ का कमल बिडारी उत्कृष्ट डिफेन्डर घोषित भएका छन् । वडा १७ का विनोद माझी सर्वोकृष्ट खेलाडी घोषित भएका छन् ।

महिलातर्फ वडा १९ बाट सिम्रन स्याङ्बो र वडा १२ बाट प्रतीक्षा माझी उदियमान खेलाडी घोषित भए । उत्कृष्ट स्पाइकर चमेली स्याङ्बो घोषित भए । उत्कृष्ट सेटर वडा १२ का प्रशंसा भोम्जन घोषित भए । उत्कृष्ट कोच वडा १२ का रवि बस्नेत घोषित भए भने प्रतियोगिताको सर्वोकृष्ट खेलाडी वडा ९ का आयुषा सिंह घोषित भए ।

प्रतियोगितामा पुरुषतर्फ १२ वटा वडाका टिम र महिलातर्फ ७ वटा वडाका टिमको सहभागिता रहेको थियो । प्रतियोगताको विजेता पुरुषतर्फको वडा नम्बर १७ र महिलातर्फको ९ नम्बर ले ५० हजार रुपैयाँसहित शिल्ड, मेडल तथा प्रमाणपत्र प्राप्त गरेका छन् । उपविजेताले ३० हजार रुपैयाँ प्राप्त गरेका छन् भने सेमिफाइनलमा पराजित हुने टिमले १०-१० हजार रुपैयाँसहित प्रमाणपत्र प्राप्त गरेका छन् ।

केशवलाल श्रेष्ठ स्मृति प्रतिष्ठानका अध्यक्ष प्रताप बिष्टको सभाध्यक्षतामा पुरस्कार वितरण कार्यक्रम भएको हो । पुरस्कार वितरण कार्यक्रममा मकवानपुर जिल्ला भलिबल संघका अध्यक्ष बसन्त सिटौला, मकवानपुर जिल्ला फुटबल संघका महासचिव छवि सुवेदी, जिल्ला खेलकुद विकास समितिका पूर्व कार्यालय प्रमुख राजन दहाल खुशराज, वडा-९ का अध्यक्ष शुकराम केसीलगायतको उपस्थिति रहेको थियो ।

# प्रदेश प्रमुख शर्मा चीन भ्रमणमा

समाज संवाददाता

हेटौंडाः बागमती प्रदेशका प्रदेश प्रमुख यादवचन्द्र शर्मा चीन भ्रमणमा जानुभएको छ । पाँच सदस्यीय टोलीसहित शनिबार उहाँ पाँच दिने चीन भ्रमणका लागि निस्कनुभएको हो । प्रदेश प्रमुखको भ्रमण टोलीमा प्रमुख शर्मा पत्नी उर्मिला शर्मा, हेटौंडा उपमहानगरपालिकाका प्रमुख मीना कुमारी लामा, प्रमुख प्रशासकीय अधिकृत शिवराज चौलागाईं, प्रदेश प्रमुखको कार्यालय बागमती प्रदेशका उपसचिव गोविन्द प्रसाद पौडेल रहनुभएको छ ।

जनवादी गणतन्त्र चीनको युनान प्रदेशबाट प्रदेश प्रमुख शर्माको नेतृत्वमा पाँच सदस्य भ्रमण टोलीलाई भ्रमणका लागि निमन्त्रण आएको प्रदेश प्रमुख शर्माको सचिवालयले जनाएको छ । भ्रमणबाट बागमती प्रदेश र जनवादी गणतन्त्र चीनका युनान प्रदेशबीच मित्रवत सम्बन्ध स्थापित भई कृषि, पर्यटन लगायतका क्षेत्रमा आपसी सहयोगको वातावरण सृजना हुने अपेक्षा गरिएको प्रदेश प्रमुखको सचिवालयले जनाएको छ ।

बागमती प्रदेश प्रमुख शर्मा वैदेशिक भ्रमण चीनमा रहेकाले यस अवधिको कार्यभार गण्डकी प्रदेश प्रमुख पृथ्वीमान गुरूङले पाउनुभएको छ। बागमती प्रदेश प्रमुखको अनुपस्थितिमा प्रदेश प्रमुखले गर्ने दैनिक प्रशासनिक कार्य सम्हाल्ने जिम्मेवारी राष्ट्रपति रामचन्द्र पौडेलले गण्डकी प्रदेश प्रमुख गुरूङलाई दिइएको प्रदेश प्रमुखको कार्यालयले जनाएको छ ।

# हेटौंडाका थारु समुदायले मनाए समाचकेवा



*राप्ती नदिमा समाचकेवा विसर्जन गरिँदै ।*

समाज संवाददाता

हेटौंडाः हेटौंडाका थारु समुदायले समाचकेवा पर्व मनाएका छन् । शनिबार हेटौंडाको बुद्धचोकमा भेला भएका थारु समुदायले राप्ती नदिमा समाचकेवा बिर्सजन गरेका छन् । बुद्धचोकमा जम्मा भएर बाजागाजासहित मौलिक पोशाकमा भेला भएका थारु समुदायले झाँकी, ऱ्यालीसहित राप्ती खोलामा विधिपूर्वक समाचकेवा पर्व विसर्जन गरेका हुन् ।

थारु समुदायमा मनाईने विभिन्न पर्वहरु मध्येको समाचकेवा पर्व लोककथामा आधारित सांस्कृतिक पर्व हो । यो पर्व विशेषगरी भाइबहिनी बीचको अगाध स्नेह र मायालाई चित्रण गर्दै कार्तिक शुक्लपक्षको द्वितीया तिथिदेखि प्रारम्भ भई पूर्णिमाको दिन नजिकैको खोला, नदि, तलाउ, पोखरीमा विधिपूर्वक समाचकेवालाई विसर्जन गरिन्छ ।

समाचकेवा पर्वमा थारु महिलाहरुले माटोको विभिन्न आकृतिहरु (समा, चकेवा, तितिर, सतभैया, बृन्दावनी, भमरा, चुगला, नटुवा, झाइलवाला, मृदंगीया आदि) बनाई हरेक दिन साँझपख लोकभाकामा आधारित गीतहरु गाउँदै, नाचगान गर्दै मनोरञ्जन गरी मनाउने गरिन्छ। यसमा दिदिबहिनीले गीत मार्फत दाजुभाइलाई आशीर्वाद, सुस्वास्थ्य र दिर्घायु कामना गरिन्छ भने चुगला (कुरौटेहरुलाई गीत गाउँदै गाली गर्ने गरिन्छ। एवम् रितले पूर्णिमा अघिल्लो रातसम्म विधिपूर्वक मनोरञ्जनात्मक हिसाबले मनाउने गरिन्छ ।

# संस्कृत वेद विद्यालयको अध्यक्षमा थापा



समाज संवाददाता

हेटौंडाः हेटौंडा-१०, गोरक्षेश्वर धामस्थित संस्कृत वेद विद्यालयको व्यवस्थापन समिति अध्यक्षमा रामकृष्ण थापा चयन हुनुभएको छ । गत असोज २९ गते व्यवस्थापन समितिको बैठकले थापालाई सर्वसम्मत अध्यक्ष चयन गरेको हो । गत भदौ ३ गते सम्पन्न अभिभावक भेलाले सदस्यमा अभिभावकको तर्फबाट सूर्यप्रसाद नेपाल, अंकित पुडासैनी, राधिका सुवेदी र रेती घिमिरे चयन हुनुभएको थियो ।

व्यवस्थापन समितिका सदस्यमध्ये ज्येष्ठ सदस्य सूर्यप्रसाद नेपालको अध्यक्षतामा असोज २९ गते बसेको बैठकले रामकृष्ण थापा र गीता श्रेष्ठलाई सदस्यमा मनोनित गरेको थियो । सदस्य मनोनित रामकृष्ण थापालाई नै व्यवस्थापन समितिले सर्वसम्मत अध्यक्ष चयन गरेको विद्यालयका प्रधानाध्यापक गोपाल अधिकारीले जानकारी दिनुभएको छ । संस्कृत वेद विद्यालयमा कक्षा ४ देखि ८ सम्म पठनपाठन हुन्छ। अघिल्लो शैक्षिक सत्रको तुलना चालु शैक्षिक सत्रमा विद्यार्थीको संख्या केही वृद्धि भएको प्रधानाध्यापक अधिकारीको भनाइ छ ।

विद्यालय व्यवस्थापन समिति पुनर्गठन भएसँगै चाडपर्व परेको र अब विद्यालयको व्यवस्थापनमा सरोकारवालासँग समन्वय गरेर काम गर्ने नवनिर्वाचित अध्यक्ष रामकृष्ण थापाले बताउनुभएको छ । संस्कृत विषयप्रति समुदायको बढ्दो आकर्षणलाई सम्बोधन गर्ने गरी संस्कृत वेद विद्यालयलाई सञ्चालन तथा व्यवस्थापनमा सरोकारवाला निकायको साथ र सहयोगमा अगाडि बढ्ने अध्यक्ष थापाको भनाइ छ । विद्यालयमा प्रधानाध्यापक अधिकारी मात्रै स्थायी दरबन्दीका शिक्षक हुनुहुन्छ भने एकजना राहत दरबन्दीका शिक्षक हुनुहुन्छ। यस्तै एकजना निजी श्रोतका शिक्षक हुनुहुन्छ। संस्कृत वेद विद्यालयमा मकवानपुरसहित पर्सा, सर्लाही, झापा र कास्की जिल्लाका विद्यार्थी अध्ययनरत छन् ।

समृद्ध प्रकाशन प्रा. लि.
हेटौंडा, मकवानपुर

# सम्पादकीय

## एचआईभी/एड्स नियन्त्रण

विश्व एड्स दिवस नेपालमा पनि विभिन्न कार्यक्रम गरेर मनाइएको छ । एड्स दिवसको अवसरमा शुक्रबार हेटौंडाको बुद्धचोकमा दीप प्रज्वलन गरिएको छ । एड्स दिवसको अवसरमा स्वास्थ्य सम्बद्ध संघसंस्था, गैरसरकारी संघसंस्थाका प्रतिनिधिहरुको उपस्थितिमा दीप प्रज्वलन गरिएको थियो । विश्वभर समस्याको रुपमा रहेको एचआईभी/एड्स न्यूनीकरणका लागि जनचेतना अभिवृद्धि गर्ने उद्देश्यले प्रत्येक वर्ष डिसेम्बर १ का दिन विश्व एड्स दिवस मनाउने गरिएको छ । यस वर्ष ३६ औं विश्व एड्स दिवस शुक्रबार विभिन्न जनचेतनामूलक कार्यक्रम गरी मनाइएको छ । एचआईभी र एड्स रोगको प्रभावकारी रोकथाम, हेरचाह, सहयोग तथा उपचार सेवाका लागि विश्वको ध्यानाकर्षण गराउन सन् १९८८ देखि हरेक वर्ष डिसेम्बर १ मा यो दिवस मनाइँदै आएको छ । यस वर्ष "समुदायको नेतृत्वमा एड्सको अन्त्य" भन्ने नारासहित देशभर चेतनामूलक कार्यक्रम गरी एड्स दिवस मनाइएको छ ।

सन् १९८१ मा पहिलो एचआईभी संक्रमित फेला परेदेखि हालसम्ममा करिब ९ करोड मानिसमा एचआईभी संक्रमण भएको तथ्यांक छ । संक्रमणका कारण चार करोडभन्दा बढीको मृत्यु भइसकेको छ । नेपालमा भने सन् १९८८ मा पहिलो पटक एचआईभी संक्रमित फेला परेको थियो । त्यसपछिका वर्षहरुमा नेपालमा एचआईभी संक्रमितको संख्या बढ्दै गएकोमा पछिल्ला वर्षहरुमा संक्रमितको संख्या क्रमश: घटिरहेको छ । एचआईभी भाइरस मानिसको शरीरमा प्रवेश गरेपछि एचआईभी संक्रमण हुने गर्दछ । एचआईभी संक्रमण भएपछि उक्त व्यक्तिमा रोग प्रतिरोधात्मक क्षमतालाई ह्रास गराउँछ र सानातिना रोगहरुहले पनि बारम्बार सताउने गर्दछ । तिनै रोगहरु लामो समयसम्म निको हुन नसक्ने अवस्थालाई एड्सको रुपमा बुझिन्छ । असुरक्षित यौनसम्पर्क राख्दा, एचआईभी संक्रमित व्यक्तिलाई लगाएको सुई लगाउँदा र एचआईभी संक्रमितको रगत लिँदा संक्रमणको जोखिम हुने गर्दछ ।

विगतमा एचआईभी संक्रमणको कुनै उपचार नभए पनि नियमित एन्टिरेट्रो भाइरल औषधी खाए एचआईभी संक्रमित व्यक्तिले स्वस्थ जीवनयापन गर्न सक्छन् । नेपाल सरकारले पनि एचआईभी संक्रमितलाई तोकिएका स्वास्थ्य संस्थाबाट नि:शुल्क एन्टिरेट्रो भाइरल उपचार सेवा दिँदै आएको छ । एन्टिरेट्रो भाइरल उपचार पद्दतिको विकास भएकापछि एड्सको महामारी पनि कम हुँदै गएको छ । तर, एचआईभी संक्रमितको समयमै उपचार नभएमा यसले एड्सको रुप लिन्छ र संक्रमित व्यक्तिको ज्यानैसम्म जाने खतरा हुन्छ । दिगो विकास लक्ष्यअन्तर्गत् नेपालले सन् २०३० सम्म एड्स महामारी अन्त्य गर्ने लक्ष्य राखेर एचआईभी रोकथाम, उपचार र हेरचाह कार्यक्रम सञ्चालन गर्दै आएको छ । सुईद्वारा लागूपदार्थ प्रयोग गर्ने, यौनकर्मी, पुरुष समलिंगी तथा तेस्रोलिंगी, रोजगारीका लागि विदेशिने र जेलका कैदीमा एचआईभी संक्रमणको जोखिम उच्च रहेको देखिन्छ ।

प्रत्येक वर्ष एचआईभी/एड्सको रोकथाम, हेरचाह र उपचार सेवाका लागि यो दिवस मनाउने गरिन्छ । एचआईभी संक्रमितलाई सहज जीवनयापनका लागि समुदायले सकारात्मक नजरले हेर्न एड्स दिवसले प्रेरित गर्न सक्नुपर्छ । यस वर्षको दिवसको नारा नै समुदायको नेतृत्वमा एड्स अन्त्य गरौं भन्ने रहेकाले समुदायले संक्रमितलाई स्वीकार गरी सहज जीवनयापनका लागि सघाएमात्रै पनि संक्रमितमा हौसला बढ्छ र उसले सहजै जीवन जिउन सक्छ । समुदाय सकारात्मक बनेमा संक्रमितहरु निर्धक्क सार्वजनिक भएर निरन्तर औषधी सेवन गर्न प्रेरित हुन्छन् । समयमै औषधी प्रयोग गर्न सके एचआईभी संक्रमणबाट बच्न सकिनेछ । एड्स लागिसकेपछि पनि नियमित औषधीले भाइरल लोड कम गर्दै भाइरसलाई निष्प्रभावी बनाउने भएकाले संक्रमितको पहिचानसँगै औषधी उपचारमा ध्यान जान सकेमा एचआईभी/एड्स नियन्त्रण असम्भव छैन ।

## महत्वपूर्ण फोन नम्बरहरु

| | |
|---|---|
| जिल्ला प्रशासन कार्यालय ५२०४९५ | फापरबारी इलाका ६२१९८० |
| जिल्ला प्रहरी कन्ट्रोल १०० | चित्लाङ इलाका ६२१००० |
| ट्राफिक प्रहरी १०३ | वारुण यन्त्र १०१ |
| वडा प्रहरी ५२०२९९ | बालबालिका खोजतलास केन्द्र १०४ |
| पशुपतिनगर इलाका ५२०५९८ | बाल हेल्पलाइन १०९८ |
| मनहरी इलाका ९८५५०९०१६१ | हेलो सरकार ११११ |
| भीमफेदी इलाका ६९१४६२ | नेपाल टेलिकम सोधपुछ १९७ |
| पालुङ इलाका ६२०४६७ | |

## तपाईंको राशिफल



पं. ज्योतिषः तोयानाथ सुवेदी
ॐ तुलसी मेडीकल हल, हेटौंडा-८, कमाने
सम्पर्क : ९७४५०२८५५५

**मेष** : यात्रा योग र धार्मिक क्षेत्रका काममा सरिक ।
**वृष** : आहार–बिहार र व्यायामका काममा समय व्यतित ।
**मिथुन** : भावना र कल्पनामा केन्द्रित भइने समय योग छ ।
**कर्कट** : व्यापार–व्यवसायमा पछि परिने समय देखिन्छ ।
**सिंह** : शत्रु र प्रतिद्वन्द्वी अनुकूल बन्ने समय योग छ ।
**कन्या** : भविष्यको सुनिश्चितताको लागि लागि परिने योग छ ।
**तुला** : यात्रा योग र भेटघाटमा समय व्यतित हुनेछ ।
**वृश्चिक** : मनको आकर्षण बढ्ने समय योग रहेको छ ।
**धनु** : दाम्पत्य सम्बन्धले नयाँ उचाइ प्राप्त होला ।
**मकर** : परीक्षा प्रतियोगितामा सरिक भइने समय छ ।
**कुम्भ** : धार्मिक तथा सामाजिक समस्याहरु बल्झिएला ।
**मीन** : बाँकी बक्यौता उठाउने अवसर मिल्ने योग छ ।

# यात्रामा उद्वेलित मन



जयन्ती आचार्य



प्रकृतिको काखमा लुटपुटिएर प्रकृतिसँग लुकामारी गर्ने रहर प्रत्येक मानसपटलमा रहन्छ । न यसबाट कोही अघाउँछ न टाढिन नै चाहन्छ । मानव सभ्यताको विकाससँगै घुमन्ते युगबाट आजसम्मको एक्काइसौँ शताब्दीसम्म आइपुग्दा पनि घुमन्ते शैलीमा वा पद्धतिमा नै रमाउन चाहन्छ । यस्तै रहर मेरो मनमा पनि कायम थियो र त विद्यालयबाट लगिने तिनदिने शैक्षिक भ्रमणमा सामेल हुन पाउँदा मेरो मन फुरुङ्ग भएको थियो ।

हाम्रो विद्यालय (ज्ञान दीप शिक्षा निकेतन)ले विगत दश वर्ष देखि हरेक वर्ष शिक्षक कर्मचारी समूहलाई शैक्षिक भ्रमणको लागि व्यवस्थापन गर्दै आएको छ । यसै भ्रमणको लागि यसपटकको भ्रमण भने सिन्धुली गढी, दोलखा चरिकोट, भिमेश्वर एवम् तातो पानी नाका हुँदै खासा बजारसम्म लैजाने योजना थियो । तिनै योजना अनुसार म लगायत मेरा साथीहरू जम्मा ४३ जना भ्रमणका लागि तयार भयौँ ।

एक त भ्रमण मन उसै दङ्ग थियो त्यसमा पनि साथीहरुसँगको सानिध्यताले आफ्नोपनको भाव झल्काइ रहेको थियो । विगत दुई वर्षको भ्रमणमा आफू सामेल हुन नसकोले जसोगरी भए पनि यसपालिको भ्रमणमा सामेल हुने र भरपुर मनोरञ्जन लिने मनसाय ममा पनि थियो ।त्यसैले भ्रमणका लागि आवश्यक सामाग्री तमतयार पारिसकेको थिएँ ।

मिति २०८०/०७/१२ गते बिहान ७:३० मा हाम्रो यात्रा शुभारम्भ भयो । विद्यालयबाट धरान चतराको बाटो हुँदै सिन्धुलीलाई गन्तव्य बनाई अगाडि बढ्यौ । बाटोमा अगाडि बढ्दै जाँदा देखिने सुन्दर दृश्यले मनलाई त्यसै त्यसै तानिरहेको थियो भने सहकर्मी मित्रहरुको नृत्य र गीतले पनि मनलाई फुरुङ्ग पारेको थियो ।

बाटोको दाँयाबाँया देखिने पहेंलपुर भएर भुलिरहेका धानमा, आम नेपाली किसानहरू मुस्काइरहेका थिए । वर्षामा हिलो र मैलोको प्रवाह नगरी रोपिएको धानले वर्षा र सरद ऋतुलाई विदा गर्दै हेमन्तको प्रतीक्षा गर्दै थिए भने बाटोको दाँयाबाँया रहेका पतझर वनजङ्गल पनि पुरानो पोसाक फेरी नयाँ लगाउनु पर्छ भन्दै प्रतीक्षारत थिए । नेपालीहरुको महानपर्व दसैंले बिदाइको हात हल्लाइ सकेको भए पनि दसैंको रौनकसँगै घरमा घरमा थपिएको खुसी दिन पर्खेर बसेका बाआमाको ओठमा मन्द गतिमा कम हुँदै थियो । विदेशबाट दसैंका लागि मात्र आएकाहरू आफ्नै गन्तव्यको खोजीमा तमतयार थिए भने दसैंदेखि तिहारसम्म बस्नेहरूका घरमा भने खुसीको दियो बल्दै थियो । बिडम्बना हामी नेपालीको दुखमुखे छोरो साथ र सेतै केश पाकिसकेका बाआमाको काखलाई रित्याएर मनमा कुइन्टलको भारी बोकी विदेशिनु सिवाय विकल्पनै के छ र ? बाटोमा आफ्ने झोला बोकी यातायातको साधनको प्रतीक्षा गरिरहेकालाई म निमाल्दै थिएँ ।

बिहानको १०:०० बजे हामी सिन्धुली पुग्यौं । मकवानपुरसँग सिमान जोडिएको सिन्धुलीगढी प्राकृतिक तथा ऐतिहासिक दृष्टिकोणले महत्वपूर्ण स्थान भए पनि केही समय अघिसम्म ओझेलमा परेको थियो । आजभोलि भने बनेपा बर्दिवास विपि राजमार्ग सञ्चालन भएसँगै यस स्थानको मुहार परिवर्तन भएको पाइन्छ । हामी निकै भोकाएका थियौं । अतिथि सत्कारमा खारिएका मृदुभाषी होटल व्यवसायीले हाम्रो आतिथ्य सत्कारलाई कालजयी बनाउने प्रयास गरे । खाना मिठो रहेछ । हामी तृप्त भयौं । त्यसपछि फेरि हाम्रो यात्रा अगाडि बढ्यो । सिन्धुलीको मुटुमा पुग्दा मलाई पनि हाम्रो वीर पूर्खाको वीरता र योगदानले चिमोटी रह्यो । सिन्धुलीगढीमा पुगेर वीर पुर्खालाई सलाम गर्ने धोको मनमा रहँदा रहँदै पनि दुरदर्शनबाट नै सलाम एवम् दिवङ्गत सहिदहरूप्रति भावपूर्ण श्रद्धाञ्जली अर्पण गरी हामी अगाडि बढ्ने क्रममा सेल्फी डँडामा पुगियो । साच्चैनै प्राकृतिक सुन्दरताले भरिएको सेल्फी डाँडा सिन्धुलीबासीका लागि शान मात्र नभई मामको जोगाड गर्ने थलो पनि हालसाल बनेको रहेछ । सुकेका वा कलेटी परेका ओठमा मन्द मुस्कान छर्दै मौसमका जुस अचार र मौसम बिक्रीमा उनीहरूको दिनचर्या बित्दै थियो । विपि राजमार्ग सञ्चालन भए पश्चात् सिन्धुलीबासीले आफ्नो श्रम र पसिना सजिलै बिक्री गर्ने थलो बनाएका थिए सेल्फी डाडाँलाई हामी पनि केही थान फोटो खिची पुनः गन्तव्यतिर अगाडि बढ्यौं । सिन्धुलीको मौसमले मुख रसिलो बनायो । दोलखाको दरमुकाम चरीकोट हाम्रो गन्तव्य भएकाले यात्रालाई निरन्तरता दिइयो । पहाडी बाटो प्रकृतिको सुन्दरकाखमा म मन्त्रमुग्ध भएँ । बाटोमा हिँडदै गर्दा देखिने मानिसहरूको दैनिकीले मलाई पनि आफ्नो विगततिर तानिरहेको थियो । यसरी अगाडि बढ्ने क्रममा खुरकोटबाट हामीले विपि राजमार्गलाई छोडी दोलखाको सदरमुकाम चरीकोटलाई आफ्नो गन्तब्य बनायौं । छङ्छङ् छङ्छङ् गर्दै बगेको सुनकोशीको किनारै किनार अगाडि बढिरह्यौं । कञ्चन पानी आफ्नै बेगमा बगिरहेको देख्दा मेरो मनमा पनि पवित्र नदीको छाल झै अनेकन तरङ् पैदा हुँदै थियो । आखिर जीवन नै सिकाइ र प्रकृति नै त हाम्रो गुरु रहेछ नि । निरन्त अगाडि बढ्नु आफ्नो गन्तव्य चुम्नु समुन्द्रमा मिल्नु नै त नदीको नियति हो । यस्तै हाम्रो पनि फरक यतिमात्र हाम्रो एउटा गन्तव्य पश्चात् पुनः अर्को गन्तव्य तय हुन्छ ।

हामी बेलुका ७:०० बजे चरीकोट बजार पुग्यौं । दोलखा जिल्लाको सदरमुकाम चरिकोट सुन्दर प्रकृतिको प्रतीक हो । सरद ऋतुमा सगरमाथा आरोहीको घुइचो लाग्ने शिशिर ऋतुमा सेताम्मे भई हिउँले ढाकिने नेपालको प्रमाणिक समयको आधार गौरीशंकर हिमाल समेत रहेको यो स्थान भिमेश्वर मन्दिर, कालिन्चोक भगवती र नेपालको स्वीजरल्यान्ड मानिने जिरी समेत दोलखा जिल्लामा नै रहेको छ । अमूल्य हिरा चरीकोट बजारमा नेवार समुदायको बाहुल्यता समेत रहेको पाइन्छ । जनश्रुति अनुसार एकजना लामाले लामो समयसम्म तपस्या गरेर बस्दा दारीमा चरीले गुड लगाएको हुनाले चरियाङ भन्न थालियो र चरियाङबाट नै चरिकोट नामकरण भयो भन्ने मान्यता रहेछ । दु:खको कुरा सुन्दर चरीकोट मानवनिर्मित बस्तीको अतिक्रमणको कारण सौन्दर्यह्रास हुँदै गएकोमा स्थानीय बासिन्दाहरुमा चिन्ता र चासोको विषय बन्न पुगेको छ । अतिथिलाई भगवान सरह मान्ने होटल व्यवसायीले हाम्रो सत्कार गरे उनको सत्कारबाट हामी नतमूस्तक भयौं । केहीबेर बेलुकाको चिसो मौसमको मज्जा लिंदै हामीले पनि चरिकोट बजार आसपासमा केही बेर घुमेर बेलुकाको खाना खायौं । खाना पश्चात् हामीले सामूहिक नृत्य समेत गर्‍यौं । त्यसपछिको समय भने आ-आफ्नै तरिकाले रमाइलो गरी बितायौं ।

भोलिपल्ट बिहान हामी भिमेश्वर र कालिञ्चोक भगवतीको दर्शनार्थ तयार भयौं । चरिकोटको प्रमुख धार्मिक क्षेत्र मानिने यी दुई स्थानको जनमानसमा निकै आस्था र विश्वास रहेको पाइन्छ । सर्वप्रथम हामीले भिमेश्वरको श्रद्धापूर्वक दर्शन गर्‍यौ । किंवदन्ती अनुसार भिमेश्वरमा पसिना आएमा कुनै न कुनै अनिष्ट हुन्छ भन्ने मान्यता पनि रहेछ । त्यसपछि भने हाम्रो यात्रा कालिन्चोक भगवतितिर नै एकोहोरियो भर्खरै बन्दै गरेको बाटो त्यसमा पनि कञ्ची भएको कारण हाम्रो स्कुल बसलाई माथि उक्लन निकै कठिन पर्‍यो । तैपानि कमल अर्याल दाजुको बिसौं वर्षको चालकी सीपले अगाडि बढ्यौं । अन्ततः केही सिप नलागेपछि भने गाडीलाई रोकेर पैदल यात्रा गर्नुको विकल्प नै रहेन् । केही बेरको पैदलयात्रा पश्चात् हामी कुरी बजारको स्वागतलाई आत्मसाथ गर्दै अगाडि बढ्यौं । साँच्चै हाम्रो मनमा खुसीको सिमा थिएन अघि बाटोमा देखिएको सल्लो, चिलाउने, कटुस र गुराँसको सुन्दरताले जुन आनन्द दिएको थियो । अहिले त झन कुरी बजारको चिटिक्क परेका घरहरू चिसो मौसम डाडाँमा कालिन्चोक माताको स्थान । हामी सबै जना केवल कारमा जाने निधो भयो त्यसैले सबैको टिकट काटेर पालैपालो केवलकार चढ्यौ । केवलकारबाट देखिने वरपरको दृश्यलाई मोबाइलमा कैद गर्दै अगाडि बढ्यौं । केवलकारबाट ओर्लिएर केहीबेर हिँडेपछि हामी माताको पाउमा पुग्यौं । खुल्ला आकाश मुनि ३८४२ मिटरको उचाइमा अवस्थित कालिन्चोक माताको दर्शनार्थ गएका हामीले पालैपालो दर्शन गर्‍यौं । उक्त स्थानबाट गौरीशंकर हिमालको दृश्य अत्यन्त सुन्दर एवम् आकर्षक देखिँदोरहेछ । सेता दन्तेलहर देखाएर हाँसिरहेको गौरीशंकर हिमाललाई छिनछिन मै हुस्सुले छेकिदिँदो रहेछ । यो देख्दा मेरा मनमा पनि मानवमा मात्रमा देखिएको तछाडमछाड र टकराब त प्रकृतिमा पनि त रहेछ भन्ने भाव छल्किरहेको थियो । कञ्चन हिमालले दिइरहेको सफेद पवित्रता त छिनभरीमा मडारिन कुहिरो र बादलले छिन्दै थियो । मानवीय समाजमा हराएको भाइचारा विश्ववधुत्व र प्रकृतिप्रेमलाई के प्रकृतिले नै उछिन् खोजेको त होइन म आफैँमा प्रश्न गर्दै थिए । केहीवेरको विश्राम पश्चात् पूजापाठ सकाएर केही सामूहिक तस्वीर समेत खिची हामी ओरालो झर्‍यौं । कुरीबजारमा भोजन गरी आफ्नै तरिकाले अगाडि बढ्यौं । यसक्रममा मेरा मनमा भने प्राकृति सम्पदाले धनी हामी तर किन गरिब नेपाली भन्ने प्रश्नले चिमोटी रह्यो । हामी आफ्नो गाडीसम्म आयौं । गाडीबाट पुनः यात्रा अगाडि बढ्ने क्रममा बेलुकाको चारबजे चरीकोटबाट तातोपानीतिर हाम्रो यात्रा सोझियो । उच्च पहाडीक्षेत्र चिसो हावाले मन उसैउसै उद्वेलित थियो भने साथीभाइहरुको नृत्य र गीतले त झन् रम्दै थियो ।

बाटोको दायाँबायाँको सुन्दर दृश्य वेलुकापखको चरीहरुको गन्तव्यको उडानले मेरो मन चसक्क भयो । चरी झैँ अनन्त आकाशमा शैर गर्दै रोजीरोटीका लागि विदेशिएका लाखौं युवा पनि यी चरी झैँ आखिर आफ्नै घर (नेपाल) लाई गन्तव्य बनाइ फिर्किनुको विकल्प छैन । यसक्रममा मैले.............

आफ्नै गाउँ फर्कि आएँ
..........................
..........................
..........................

भन्ने गीतको स्मरण गरेँ । जतिजति दिन बित्दै थियो त्यतित्यति हामी आफ्नो गन्तव्यको खोजीमा उकाली, ओराली, चौतारी, भञ्ज्याङ पारगर्दै हाम्रो गाडी अगाडि बढ्दे थियौं ।जसरी मानव आफ्नो जीवनमा आएका दु:ख, सुखलाई अङ्गाल्दै आशको त्यान्द्रोमा अल्झिएर अगाडि बढिरहन्छ । बेलुका १० बजे हामी तातोपानी पुग्यौं । हामी सबै थाकेका थियौं । त्यसैले सबैको चाहाना खाना खाई विश्राम गर्नेतर्फ केन्द्रित भयो ।

२०८०/०७/१४ गते विहान सात बजे हामी तातोपानी स्नानका लागि गयौं । तातोपानी नाम जस्तो काम पनि उस्तै रहेछ । हामीले तातोपानीमा स्नान गर्‍यौं र केहीबेर तस्बीर खिचेर मितेरीपुलतिर लाग्यौं । खासाबजारसम्म पुग्ने हाम्रो लक्ष्य भएता पनि भूकम्प पश्चात् बन्द भएको तातोपानी नाका सिन्धुपालचोकबासीका लागि भने भर्खर भर्खर खुलेको रहेछ तर अरुका लागि हामीले मितेरीपुल नै अन्तिम बिन्दु थियो । हामीले मितेरी पुलमा बसी भोटेकोशी र आसपासको तस्वीर खिच्यौं । पारिपट्टि रहेको ठुला ठुला भवन विश्वबजारसम्म श्रम बेच्न प्रतिस्पर्धामा उभिएको छ । त्यही भोटेकोशी पारिको संसार अनेकौं सम्भावनालाई सार्थक पार्दै मुस्कुराएको छ । यही भोटेकोशी वारिको संसार २०७२ सालको भूकम्पले थिलोखिलो भएको आफ्नो जीर्ण रुप लिई चारबीस उमेर पारगरी आफ्नो आयु गनी बसेका बुढाबुढी झै धर्मराई रहेछ । चीनले भोटेकोशी पारि आफ्नो भूभागलाई सकेसम्म सुरक्षित गरेको रहेछ भने हाम्रोतिरको भूभाग भने प्रकृतिलाई नै सुम्पिएको रहेछ । केहीबेर पछि हामी पुनः फर्कियौं र खानपान गरी विहानको एघार बजे भने हाम्रो यात्रा हेटौंडा तिर लम्कियो ।

भोटेकोशीको किनारै किनार तातोपानी भन्सार हुँदैं प्रकृतिको काखमा लुटपुटिदैं अगाडि बढ्यौ । यसविचमा बसभित्र भएका साथीहरु दोहोरीमा रमाउँदै थिए । एकातिर चण्डिका पुडासैनी र अर्को तिर सावित्री न्यौपाने दिदीविच भएको दोहोरीमा हामीले साथ मात्र दिएनौ भरपुर मनोरञ्जन पनि गर्‍यौं । लोक दोहोरीमा म आफ्नो पन पाउँछु, आफ्नो माटो पानी यथार्थता, तिक्तता एवम् हाँसो र रोदन पनि पाउँछु र सम्झन्छु प्रकृतिमा मात्र कहाँ हो र ? संस्कृतिमा पनि त धनी छौं हामी । विडम्बना राज्ञनीतिक अस्थीरता, दीर्घकालिन योजना कार्यन्वयनले युवाशक्तिको विदेशमा पलायन दक्षजनशक्तिको अभाव जस्ता समस्याका कारण आज एशिया महादेशको सबैभन्दा गरिब राष्ट्रको नाममा गुज्नु शिवाय अरु के नै छ । पाँचखाल धुलिखेल सातदोबाटो हुँदै सुन्दर नगरी काठमाडौलाई विदाइको हात हलाउँदै अगाडि बढिरह्यौ । बेलुका नौ बजे बागमतीमा आई खानपान गरी ठिङ्गनगढीको बाटो हुँदै रातको १२:३० मा हेटौंडा आइपुग्यौं । तिनदिने शैक्षिक भ्रमण हाम्रा लागि निकै नै सफल एवम् फलादायी बन्न पुग्यो । यात्राले हरेकले मनमा प्रदान गर्ने नवीनता, उत्साह, उमङ्ग, एवम् साथीभाइ विचको आत्मियता अझै प्रगाढ बनायो । त्यसैले त समय मिलाएर कुनै न कुन स्थलको भ्रमण गरी खुसी सुखी एवम् पुनर्ताजगी जीवन जिउँनुपर्छ र अरुलाई समेत प्ररित गर्नुपर्छ ।

## शिक्षक हित सहकारीको साधारणसभा

# लामिछानेको नेतृत्वमा सर्वसम्मत नयाँ समिति



*सहकारीकी व्यवस्थापक मेनुका तिमल्सिनालाई सम्मान गरिँदै ।*

समाज संवाददाता

हेटौँडाः हेटौँडा-२ स्थित शिक्षक हित बचत तथा ऋण सहकारी संस्था लिमिटेडको चौधौं वार्षिक साधारणसभा शनिबार सम्पन्न भएको छ । साधारणसभाबाट शिवप्रसाद लामिछानेको अध्यक्षतामा नयाँ समिति सर्वसम्मत चयन भएको छ ।

सहकारीका अध्यक्ष सीताराम दाहालको अध्यक्षतामा भएको साधारणसभाको उद्घाटन समारोहको प्रमुख अतिथि नेपाल राष्ट्रिय शिक्षक संगठनको राष्ट्रिय समितिका महासचिवको प्रमुख आतिथ्य रहेको थियो। कार्यक्रममा शिक्षक संगठनकी केन्द्रीय सदस्य लक्ष्मी गजुरेल, मकवानपुर जिल्ला अध्यक्ष श्रीराम दाहालको पनि आतिथ्य रहेको थियो ।

साधारणसभाबाट उपाध्यक्षमा मोहन शर्मा, सचिवमा कृष्णप्रसाद पोखरेल (ख), सहसचिबमा सुवास खनाल, कोषाध्यक्षमा गुरुप्रसाद ओझा र सहकोषाध्यक्षमा अमृता भट्ट चयन हुनुभएको छ । यस्तै सदस्यमा कृष्णप्रसाद पोखरेल (क), लक्ष्मी अधिकारी, विष्णु धिताल, भरत पोखरेल, श्रीजना शर्मा, हिमलाल शर्मा, शालिकराम घिमिरे चयन हुनुभएको छ । यस्तै लेखा सुपरिवेक्षण समितिको संयोजकमा रामजी प्रसाद हुमगाई तथा सदस्यमा शत्रुघन दुलाल र लक्ष्मी कुमारी रिमाल चयन हुनुभएको छ ।

आर्थिक वर्ष २०७९/८० मा सहकारीको सेयर सदस्य सात सय ७७ जना रहेका छन् भने सेयर पुँजी ३७ लाख ४३ हजार रुपैयाँ रहेको थियो। सहकारीले २ करोड ४१ लाख ८३ हजार रुपैयाँ बचत संकलन गर्दा १ करोड ९८ लाख ८४ हजार रुपैयाँ ऋण लगानी गरेको छ। साधारणसभाको अवसरमा असल बचतकर्ता, असल ऋणी, एसईईमा राम्रो नतिजा हासिल गर्ने सेयर सदस्य परिवारका विद्यार्थीलाई सम्मान समेत गरिएको थियो। सहकारीले व्यवस्थापक र कर्मचारीलाई पनि सम्मान गरेको छ ।

# टोनी हेगन पार्कमा पुनः नेपाल

समाज संवाददाता

हेटौँडाः हेटौँडा-१० स्थित डा. टोनी हेगन पार्क विकास मञ्चको अध्यक्षमा पुनः ईन्द्रप्रसाद नेपाल चयन हुनुभएको छ । शनिबार सम्पन्न मञ्चको तेश्रो परिषद् बैठक एवम् दोश्रो साधारण सभाबाट नेपालको नेतृत्वमा सर्वसम्मत नयाँ समिति चयन गरिएको हो ।

मञ्चका अध्यक्ष ईन्द्रप्रसाद नेपालको अध्यक्षता तथा मञ्चका संरक्षक एवम् हेटौँडा उपमहानगरपालिकाका निवर्तमान नगरप्रमुख हरिबहादुर महतको प्रमुख आतिथ्यमा परिषद् बैठक भएको हो । परिषद् बैठकको उद्घाटन कार्यक्रममा राष्ट्रिय उद्यान महासंघ नेपालका उपाध्यक्ष रघुनाथ खुलाल र हेटौँडा उपमहानगर पालिका १० नम्बर वडा अध्यक्ष फुर्वा दोर्जे लामाको विशेष अतिथ्यता रहेको थियो ।

मञ्चको उपाध्यक्षमा कृष्ण प्रसाद दाहाल, सचिवमा राम प्रसाद शर्मा, कोषाध्यक्षमा ज्ञानेन्द्र बहादुर कार्की र सहसचिवमा सुरेश लामा ब्लोन चयन हुनुभएको छ । मञ्चको सदस्यमा फुलमाया गुरुङ्ग, मदन कुमार लामा, शर्मिला श्रेष्ठ, रिता कुमारी लामा, हीरा लामा र सोम बहादुर लामा चयन हुनुभएको छ । मञ्चको लेखा समिति संयोजकमा गणेशमान श्रेष्ठ, सदस्यमा शंकर कुँवर, संजय कुमार न्यौपाने र हनुभएको छ भने अनुगमन समितिको संयोजकमा भिम प्रसाद वास्तोला, सदस्यमा श्रीकृष्ण दवाडी र राजकुमार विश्वकर्मा चयन हुनुभएको छ ।

# किसान कल्याणको २४ औं साधारणसभा सम्पन्न

समाज संवाददाता

हेटौंडाः हेटौंडा-८, कमानेस्थित किसान कल्याण बहुउद्देश्यीय सहकारी संस्था लिमिटेडको २४ औं वार्षिक साधारणसभा शनिबार सम्पन्न भएको छ। सहकारीका अध्यक्ष मोतिलाल लामाको सभाध्याक्षता तथा बागमती प्रदेश सभा सदस्य एका लाल श्रेष्ठको प्रमुख आतिथ्यमा साधारणसभा भएको हो ।

आर्थिक वर्ष २०७९/८० को आषाढ मसान्तसम्म १ हजार ३ सय ३० जना शेयर सदस्य रहेको सहकारीको ११ लाख रुपैयाँ शेयर पुँजी रहेको छ। बचततर्फ ४ करोड रुपैयाँ रहेको सहकारीले तेल बिक्री गरेर ५० लाख रुपैयाँ बराबरको कारोबार गर्न सफल भएको संस्थाका अध्यक्ष लामाले बताउनुभयो ।

साधारणसभाको अवसरमा संस्थाले ज्येष्ठ शेयर सदस्यतर्फ राग बहादुर गुरुङ्ग र नारायण मान सिं डंगोल, मासिक बचतकर्तामा इन्द्र सिं थिङ, बाल बचतकर्तामा बिहान कार्की र रिदम स्याङ्तानलाई सम्मान गरिएको छ ।

यस्तै खेलाडीको रुपमा सौगात डिम्डुङ्गलाई सम्मान गरिएको छ । साधारणसभामा हेटौंडा-८ का वडा अध्यक्ष रामकृष्ण थापा, हेटौंडा उपमहानगर पालिकाको सहकारी विकास शाखाका प्रमुख हिम प्रसाद पौडेलको पनि आतिथ्य रहेको थियो ।


## कृषि विकास बैंक लि. हेटौंडा शाखाबाट लिएको ऋणको भाखा नाघेको कर्जाको साँवा-व्याज भुक्तानी गर्न आउने सम्बन्धी २१ दिने सूचना

सूचना प्रकाशन मिति: २०८०/०८/१७ गते)

यस बैंकको शाखा कार्यालय हेटौंडा मकवानपुरका व्यक्ति/फर्म/कम्पनिहरुले निम्न उद्देश्यका लागि विभिन्न मितिमा कर्जा लिई हालसम्म कर्जा नबुझाई भाखा नाघी निम्न लेखिए अनुसारको रकम बुझाउने सम्बन्धमा सम्बन्धित कार्यालयले बारम्बार लिखित, विद्युतीय सामग्रीद्वारा तथा मौखिक तर-ताकेता गर्दा पनि आलटाल गरी बुझाउनुपर्ने कर्जाको साँवा, व्याज तथा बैंकले पाउनुपर्ने अन्य रकम समेत नबुझाएको हुँदा यो सूचना प्रकाशित भएको मितिले २१ (एक्काइस) दिन भित्र सम्बन्धित कार्यालयमा बुझाउनका लागि यो सूचना प्रकाशन गरिएको छ । उल्लेखित मिति भित्र पनि रकम दाखिला हुन नआएमा बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन २०७३, कृषि विकास बैंक लि.को कर्जा असुली कार्यविधि तथा प्रचलित ऐन नियम बमोजिम कर्जा लिँदा लेखी दिएको धितो लिलाम विक्री वा अन्य व्यवस्था गरी बैंकको सम्पूर्ण लेना रकम असुल उपर गरिने व्यहोरा समेत जानकारी गराउँछौं । साथै तपसिल बमोजिकमा व्यक्ति/फर्म/कम्पनिहरुलाई बैंकबाट कर्जा लिन मञ्जुरीनामा दिने व्यक्तिहरुलाई समेत यसै सूचनाद्वारा कर्जा बुझाउन जानकारी गराइएको छ । साथै यस पत्रिका प्रकाशनले सामाजिक प्रतिष्ठामा आँच आएमा बैंक जवाफदेही हुने छैन ।

**सम्बन्धित कार्यालय: कृषि विकास बैंक लि. शाखा कार्यालय हेटौंडा, मकवानपुर**

| क्र. सं. | कर्जा ग्राहकको नाम (फर्म, प्रोप्राईटरको नाम/कम्पनि तथा संचालकहरुको नाम) | ठेगाना | बाजे/ससुरा को नाम | ग्राहकको पिता/पतिको नाम | कर्जाको उद्देश्य | साँवा रकम रु. | मिति २०८०।७म. सम्मको व्याज तथा अन्य रकम | जम्मा तिर्नुपर्ने रकम | धितो मञ्जूरीनामा दिने/जमानत बस्नेको नाम | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|---|
| १. | गोविन्द सिंह खड्का (२७५१०४) | हेटौंडा-०५,सानोपोखरा ९८४५०३२१८६ ९८५५०६७२६४ | हर्क बहादुर खड्का | डम्बर सिं | घरायसी घर मर्मत | ३०,००,०००।०० ४,८७,१९६।९६ | ४,७१,०००।०० १७,०००।०० | ३४,७१,०००।०० ५,०४,०००।०० | आमा चन्द्रदेवी खड्का तथा भाई श्याम सिं खड्का | |
| २. | अलिष्का कोल्ड स्टोर्स (प्रो.अनिल कुमार श्रेष्ठ) (११६५८७५) | हेटौंडा-०५,पिप्ले ९८०२५३०५४६ ९८१४०९२०९७ | नर बहादुर | मोतिलाल | व्यापार | १५,२६,६२९।७५ | १,४३,०००।०० | १६,६९,६२९।७५ | श्रीमति : लक्ष्मी प्रधान आमा : कलावती श्रेष्ठ | |
| ३. | कमला पौडेल (२७४०७९) | हेटौंडा-११,नवलपुर ९८४५७२८३५१ ९८४५०३०८६४ | लोक बहादुर पौडेल | भेष बहादुर पौडेल | घरायसी | २२,००,०००।०० | १,८६,०००।०० | २३,८६,०००।०० | पति : भेष बहादुर पौडेल | |
| ४. | गणेश सापकोटा (१७८९४७१) | हेटौंडा-१४,मयुरधाप ९८६०६३५३०८ ९८४५३३९०८६ | पदमलाल | तुलाराम सापकोटा | ओ.डी. | १३,००,०००।०० | १,०८,०००।०० | १४,०८,०००।०० | श्रीमति : भगवती सापकोटा | |

**कृषि विकास बैंक लि. प्रदेश कार्यालय बिरेन्द्रनगर, चितवन**


# जनकल्याणको साधारणसभा सम्पन्न

समाज संवाददाता

हेटौंडाः हेटौंडा उपमहानगरपालिका-६, चौघडा न्युरेनीमा रहेको जनकल्याण बचत तथा ऋण सहकारी संस्थाको २७ औं वार्षिक साधारणसभा सम्पन्न भएको छ । शनिबार भएको साधारणसभा सहकारी संस्थाका अध्यक्ष हिमाल पौडेलको सभाध्यक्षतामा सम्पन्न भएको हो ।

चौघडास्थित सुनगाभा शिक्षा निकेतनको प्राङ्गणमा भएको कार्यक्रममा बागमती प्रदेशसभा सदस्य तथा पूर्व श्रम, रोजगार तथा यातायातमन्त्री एकालाल श्रेष्ठको प्रमुख आतिथ्य र हेटौंडा उपमहानगरपालिका वडा नं ६ का वडा अध्यक्ष विष्णुबहादुर दाहालको विशिष्ट आतिथ्य रहेको थियो । सहकारी संस्थामा हाल २ करोड ५३ लाख ७८ हजार २ सय रुपैयाँ शेयर पुँजी रहेको छ । सहकारीले गत आर्थिक वर्षमा २६ करोड ६३ लाख ३५ हजार १ सय १७ रुपैयाँको कारोबार गरेको अध्यक्ष पौडेलले बताउनुभयो । सहकारी संस्थामा कुल शेयर सदस्य २ हजार ८ सय १३ जना रहेका छन् ।

साधारणसभाको अवसरमा संस्थाले उत्कृष्ट कर्मचारीको रुपमा ऋण शाखाकी प्रमुख रेखा पौडेललाई सम्मान गरेको छ। यस्तै, उत्कृष्ट बचतकर्ताको रुपमा संस्थाले हेमाकुमारी न्यौपाने र सोमप्रसाद रुपाखेतीलाई सम्मान गरेको छ । कार्यक्रममा २०७९ सालको एसईई परीक्षामा उत्कृष्ट अंक प्राप्त संस्थागत विद्यालयतर्फ आदेश गौतम, सुविच्छा बानियाँ, रजिता दंगाल, विनायक दहाल, विशाल पराजुली र कृपा अधिकारीलाई नगद १५ सय र प्रमाणपत्र दिएको थियो। यस्तै, सामुदायिक विद्यालयतर्फ शान्तिकुमारी साह, अभियान देवकोटा, शिशिर दुलाल र समिर ढुङ्गानालाई १५ सय र प्रमाणपत्र दिएको हो ।

कार्यक्रमा प्रमुख अतिथि श्रेष्ठले सहकारीको आर्थिक कारोबारमा वृद्धि सदस्यले गर्ने र सहकारीलाई बचाउने दायित्व पनि सदस्यको नै हुने बताउनुभयो । सदस्य बनेर संस्थाबाट सजिलो र सस्तोमा ऋण लिन सकिने श्रेष्ठले बताउनुभयो ।

## सच्याईएको

**मिति २०८०/०८/१६ गते यसै समृद्ध समाज राष्ट्रिय दैनिकमा जनप्रिय मावि (प्रविधिक शिक्षालयको) प्रकाशित सूचनाको सूचना प्रकाशित मिति २०८०/०८/१६ हुनुपर्नेमा असावधानीवश अन्यथा हुन गएकोमा सच्याईएको जानकारी गराउँदछौं ।**

**व्यवस्थापक**


नेपाल सरकार
शहरी विकास मन्त्रालय
स्थानीय पूर्वाधार विभाग
स्थानीय पूर्वाधार विकास आयोजना कार्यालय
बागमती प्रदेश, हेटौडा, मकवानपुर

## हलुका सवारी साधन भाडामा लिने सम्बन्धी सिलबन्दी प्रस्ताव आव्हानको सूचना

*प्रथमपटक सूचना प्रकाशन मिति: २०८०/०८/१७ गते*

यस आयोजना कार्यालयलाई आ.व. २०८०/०८१ बागमती प्रदेशमा सञ्चालित विभिन्न आयोजनाहरुको स्थलगत सुपरिवेक्षण तथा अनुगमन गर्नका लागि पहाडी र कच्ची सडकमा उपयुक्त हुने, 4WD, Double Cab, Pick up Jeep थान एक (१) हलुका सवारी साधन मासिक रूपमा भाडामा लिनु पर्ने भएकोले ईच्छुक फर्म/कम्पनीहरु सबैका लागि यो सूचना प्रकाशित गरिएको छ । सूचनाको विस्तृत विवरण कार्यालयको सूचना पाटीमा टाँस गरिएको छ र प्रस्ताव सम्बन्धी थप कुरा बुझ्नुपरेमा यस कार्यालयको फोन नं ०५७-५९०६५९ मा सम्पर्क राखि बुझ्न सकिनेछ ।

| कामको विवरण | प्रस्ताव फाराम खरिद गर्ने अन्तिम मिति, समय र स्थान | प्रस्ताव फाराम दर्ता गर्ने अन्तिम मिति, समय र स्थान | प्रस्ताव खोल्ने मिति, समय, र स्थान | प्रस्ताव फाराम दस्तुर रु |
|---|---|---|---|---|
| हलुका सवारी साधन भाडामा लिने | २०८०/०९/०१ गते कार्यालय समय भित्र | २०८०/०९/०२ गते दिनको १२:०० बजे, आयोजना कार्यालय, हेटौडा | २०८०/०९/०२ गते १३:०० बजे, आयोजना कार्यालय, हेटौडा | १,००० |

**आयोजना प्रमुख**



## बागमती प्रदेश सरकारबाट हस्तान्तरित कृषि विकास तथा पशु सेवा तर्फका कार्यक्रम संचालन सम्बन्धी आवेदन पेश गर्ने सम्बन्धी सूचना

*(प्रथम पटक सूचना प्रकाशन मिति: २०८०/०८/१७ गते)*

हेटौंडा उपमहानगरपालिकाको चालू आर्थिक वर्षको स्वीकृत कार्यक्रम अन्तर्गत बागमती प्रदेश सरकारबाट हस्तान्तरित देहाय बमोजिमका कार्यक्रमहरु संचालन गर्ने सम्बन्धमा यस वडा कार्यालयको मिति २०८०।०८।११ गतेको निर्णयानुसार यस वडा क्षेत्र भित्रका कृषक, कृषि फर्म, कृषक समूह, कृषि तथा बहुउद्देश्यीय सहकारी संस्थाहरु, शैक्षिक संस्था, सार्वजनिक संस्थाहरुलाई अनुदान उपलब्ध गराउने सम्बन्धमा तपशील बमोजिम शर्तहरुको अधीनमा रही यो सूचना प्रथम पटक प्रकाशित मितिले २१ (एक्काइस) दिन भित्र यस वडा कार्यालयमा आवेदन पेश गर्नुहुन सम्बन्धित् सबैका लागि यो सूचना प्रकाशित गरिएको छ ।

**देहायः**

| क्र. सं. | कार्यक्रमको नाम | विनियोजित बजेट रकम | साझेदारको लागत सहभागिता (प्रतिशतमा) | कैफियत |
|---|---|---|---|---|
| ०१ | तरकारी विकास कार्यक्रम | १० लाख | २० देखि ५० प्रतिशत सम्म | |
| ०२ | गाई प्रवर्द्धन कार्यक्रम | १० लाख | २० देखि ५० प्रतिशत सम्म | |
| ०३ | पाडापाडी प्रवर्द्धन कार्यक्रम | १० लाख | २० देखि ५० प्रतिशत सम्म | |
| ०४ | बखापालन प्रवर्द्धन कार्यक्रम | १० लाख | २० देखि ५० प्रतिशत सम्म | |

**शर्तहरू:**

- वडा नं. १६ भित्रका कृषक, कृषि फर्म, कृषक समूह, कृषि तथा बहुउद्देश्यीय सहकारी संस्थाहरु, शैक्षिक संस्था, सार्वजनिक संस्थाहरु मात्र आवेदक हुन सक्नेछन् ।
- कृषि तथा पशुपालन पूर्वाधार, संरचना लगायत निर्माण कार्यको हकमा बढीमा ८० प्रतिशत र चालू प्रकृतिका उत्पादन सामाग्री खरिदमा बढीमा ५० प्रतिशत रकम प्रोत्साहन स्वरुप अनुदान दिइनेछ ।
- साझेदारले सम्झौता गर्नु अघि सोही प्रकृतिको कार्यक्रमको लागि अन्य कुनै सरकारी निकायबाट दोहोरो सुविधा नलिएको हुनुपर्नेछ ।
- साझेदारले अनुदान रकम लिई दुरुपयोग गरेको पाइएमा, दोहोरो अनुदान लिएको पाइएमा प्रचलित कानून बमोजिम असुलउपर गरिनेछ ।
- अनुदान वितरण सम्बन्धी अन्य कुराहरु स्थानीय तहमा विनियोजन सशर्त अनुदान कार्यक्रम कार्यान्वयन कार्यविधि, २०८०, हेटौंडा उपमहानगरपालिका कृषि तथा पशुपालन अनुदान वितरण कार्यविधि, २०७९ र अन्य प्रचलित कानुन बमोजिम हुनेछ ।

**आवेदन साथ पेश गर्नुपर्ने कागजातहरू:**

- आवेदक व्यक्तिको हकमा नागरिकताको प्रतिलिपि, र अन्यको हकमा दर्ता तथा नवीकरणका कागजातहरुको प्रतिलिपि
- साझेदार संस्था भएमा सम्बन्धित् संस्थाको निर्णय
- कार्यक्रमसँग सम्बन्धित् प्रस्तावना
- प्रतिबद्धता पत्र

**हेटौंडा उपमहानगरपालिका १६ नं. वडा कार्यालय**
**हेटौंडा, मकवानपुर**

# भूपिनको कवितासंग्रह 'भूपिनका कविता' विमोचन




*भूपिनका कवितासंग्रह विमोचन गरिँदै ।*

समाज संवाददाता

हेटौंडाः नारायणगढस्थित चितवन साहित्य परिषद्को प्रेक्षालयमा बेग्लै खालको दृश्य देखिन्थ्यो । अघिपछि हुने साहित्यिक कार्यक्रममा आधा कुर्ची पनि नभरिने हलमा शनिबार आयोजकलाई प्लास्टिकका कुर्ची ओसार्न नै हतार थियो । चितवनसहित तनहुँ, मकवानपुर, काठमाडौँ, पोखरा र बागलुङदेखि आएका कविताका पारखीहरुले प्रेक्षालय भरिँदा आयोजकलाई व्यवस्थापन गर्न नै हम्मे हम्मे पर्न गयो ।

शिक्षा मन्त्रालयका पूर्वसल्लाहकार रमाकान्त सापकोटासहित भरतपुर अस्पतालका पूर्वमेडिकल सुपरिटेन्डेण्ट डा. कृष्ण पौडेल, समालोचक डा. धनेश्वर भट्टराई, समालोचक डा. होमनाथ सापकोटा, गजलकार धनराज गिरी, विश्लेषक प्रेम रिमालसमेत दर्शक दिर्घामा कविता सुन्न बसेका थिए । झण्डै १०० जना कविता पारखीको माझमा समालोचकहरुले भूपिनका कवितामाथि चर्चा गरे ।

कवि भूपिन खड्काको नयाँ कृति 'भूपिनका कविता' को विमोचनसहित सुरु भएको कविता उत्सवमा डा. एकनारायण पौडेल र हेटौंडाका कवि निमेष निखिलले चर्चा गरे भने अन्य आधा दर्जन साहित्यकारहरुले उनलाई शुभकामना दिए । उनीहरुले समकालिन नेपाली साहित्यमा भूपिन अब्बल र प्रतिनिधि कवि भएको बताएका छन् ।

अक्षर समूह चितवनको आयोजनामा भएको कविता उत्सवमा डा. पौडेलले भूपिन नयाँ कवि नभएकोले उनको बारेमा धेरै चर्चा गरिरहनु नै नपर्ने बताएका छन् । उनले भने, 'भूपिनले आफ्ना कविताहरुमा सामान्य र विशिष्ट विषयवस्तु कलात्मकरुपमा उठाएका छन् । शीर्षकहरु पनि व्यङ्ग्यात्मक छन् ।' उनले 'भूपिनका कविता' मा कतिपय कविता श्रृंखला कविता र कतिपयमा प्रश्नात्मकसहित निबन्धको शैली प्रयोग गरेकाले प्रत्येकमा फरक स्वाद पाइने विचार राखे ।

अर्का समालोचक कवि निमेष निखिलले भूपिनको कविताबारे बोल्नुनै जोखिमपूर्ण कदम रहेको भन्दै कवि श्यामल, एलबी क्षेत्री, तीर्थ श्रेष्ठ, श्रवण मुकारुङ, राजेन्द्र भण्डारी र समालोचक उदय अधिकारीलगायतका कवि तथा समालोचकहरुको भूपिनका कविताप्रतिको दृष्टिकोण प्रस्तुत गरे । निमेषले भूपिनका कविता राम्रा कविताहरु मध्ये पनि उत्कृष्ट रहेको विचार राखे । उनले भने, ' भूपिन प्रकृतिप्रेमी राम्रा कवि हुन् ।' कार्यक्रममा चितवनका अग्रज कवि, निबन्धकार तथा उपन्यासकार रेशम विरहीले भूपिनको कविता उत्सवमा प्रमुख अतिथि भएर उपस्थित हुन पाउँदा खुसी व्यक्त गर्दै उनी एउटा अब्बल कवि भएको बताए ।

कार्यक्रममा कवि अनिल श्रेष्ठ, गण्डकी साहित्य प्रतिष्ठान दमौलीका कवि सागर उदास, कविडाँडा साहित्य समाजका अध्यक्ष एलबी क्षेत्री, प्रकाशकको तर्फबाट भूपेन्द्र खड्का, भरतपुर प्रज्ञा प्रतिष्ठानका सदस्य सचिव बालकृष्ण थपलिया, साहित्य संगम चितवनका अध्यक्ष प्रकाश चापागाइँ, साहित्य संगम मकवानपुरका अध्यक्ष डीबी बर्तौलाले शुभकामना मन्तव्य राख्दै भूपिनको नयाँ कृतिले राष्ट्रियस्तरमा तहल्का पिट्ने विचार राखे । उनीहरुले भूपिन कवि होइन आफैं कविता हो भन्दै भूपिनका कविताप्रतिको क्रेज कार्यक्रमको उपस्थितिले पनि जनाएको बताएका छन् ।

कार्यक्रममा कवि भूपिनले कविताको लागि जे पनि गर्ने पागल भएमा कविताको क्लिनिकमा जाने गरेको अनुभव सुनाए । कार्यक्रममा निकै भावुक हुँदै भूपिनले भने, 'कविता मेरा लागि मनोचिकित्सक हो । बिरामी भएमा म कविताको क्लिनिकमा जान्छु । कविताको विकल्पमा अरु केही रोज्न सक्दिन ।' उनले कविताको कारणले आर्थिकरुपमा फाइदा हुने अमेरिका छाडेर नेपाल आएको अनुभव सुनाए । उनले भने, 'अमेरिका छाडेर आए पनि मलाई पश्चाताप छैन । अन्य जे पनि छाड्न तयार छु तर कविता लेख्न छाड्दिन ।' कार्यक्रममा 'कुरुप' कविताबाट वाचन सुरु गरेर उनले 'नोटको जीवनी' सम्म ६ वटा कविता वाचन गरे । बाग्लुङमा जन्मिएर चितवनलाई कर्मथलो बनाउँदै आएका अब्बल कवि भूपिन तीन दशक बढी समयदेखि कविता लेखनमा सक्रिय छन् । भूपिनको उत्कृष्ट कविताहरुलाई छानेर बुक हिल प्रकाशन गृहले 'भूपिनका कविता' दसैंको अवसरमा बजारमा ल्याएको हो । उनको दुई कविता संग्रह 'हजार वर्षको निद्रा' र 'सुप्लाको हवाइजहाज' बाट पाठकहरुले अत्यधिक रुचाएका ५६ वटा कविता समावेश गरेर नयाँ संग्रह प्रकाशन गरिएकोले यसलाई जुम्ली कविता संग्रह भनिएको छ ।

एक दर्जन बढी विभिन्न राष्ट्रिय तथा अन्तर्राष्ट्रिय सम्मान र पुरस्कार प्राप्त गरेका कवि भूपिनको २०५३ सालमा 'क्षतिग्रस्त पृथ्वी र मूल सडक'कविता संग्रह, २०६६ सालमा 'हजार वर्षको निद्रा' कविता संग्रह, २०६९ सालमा निबन्ध संग्रह चौबिस रिल, २०७२ सालमा 'सुप्लाको हवाइजहाज' कविता संग्रह र २०७५ सालमा मैदारो उपन्यास प्रकाशित भइसकेका छन् । अहिले बजारमा आएको कविता संग्रह 'भूपिनका कविता' उनको छैठौं कृति हो । यसै वर्ष उनको निबन्ध संग्रह 'चौबिस रिल' को तेस्रो संस्करण र नयाँ निबन्ध संग्रह प्रकाशनको तयारीमा कवि भूपिन लागेका छन् ।

भरतपुरको सप्तगण्डकी बहुमुखी क्याम्पसको उपप्राध्यापकसमेत रहेका कवि भूपिनले अमेरिकाबाट नेपाली अन्तर्राष्ट्रिय साहित्य समाज पुरस्कार, उत्तम शान्ति पुरस्कार, अनेसास सर्वोत्कृष्ट पुस्तक पुरस्कारसहित एक दर्जन बढी पुरस्कार र सम्मान प्राप्त गरेका छन् । संरक्षण कविता आन्दोलनका संस्थापकसमेत रहेका भूपिन अक्षर समूह चितवनका निवर्तमान अध्यक्ष हुन् । अहिले उनले अफ द बिट जेनेरेशन संस्थाको नेतृत्व गरिरहेका छन् ।

# कांग्रेस जिल्ला भेला पुस ३ गते

समाज संवाददाता

हेटौँडाः नेपाली कांग्रेस मकवानपुरले जिल्ला भेलाको तयारी तीब्र पारेको छ । पुस ३ गते हेटौंडामा हुने जिल्ला भेलाको तयारी पार्टीले तीब्र पारेको हो । पार्टीको जिल्ला अधिवेशन, स्थानीय, प्रदेश र संघको निर्वाचनको समिक्षा र आगामी सांगठनिक गतिविधि तय गर्नका लागि आव्हान गरिएको जिल्ला भेलाको तयारी तीब्ररुपमा अगाडि बढाइएको हो ।

सम्मेलनका विषयमा हेटौंडा-२ स्थित पार्टी कार्यालयमा शनिबार पार्टी प्रतिनिधि, शुभेच्छुक र भातृ संगठनका अगुवाबीच छलफल भएको छ । पार्टी जिल्ला सचिव भीमसेन महतको सभाध्यक्षतामा भएको छलफलमा नेपाली कांग्रेस प्रतिनिधिसभा क्षेत्र नम्बर १ सभापति दामोदर खनाल तथा पार्टी जिल्ला सदस्यद्वय अर्जुन चौलागाईं तथा खेमराज सापकोटा एवम् पार्टी शुभेच्छुक तथा भातृ संगठनका प्रतिनिधिको उपस्थिति रहेको थियो ।

पार्टी सचिव भीमसेन महतले जिल्ला भेलाको तयारीको विषयमा छलफलमा जानकारी गराएका थिए । उनका अनुसार भेलामा करिब दुई हजार जनाको उपस्थिति रहनेछ । करिब १४ लाख रुपैयाँ खर्च अनुमान गरिएको त्यसका लागि स्रोत व्यवस्थापनको तयारी भइरहेको बताए । उनका अनुसार पार्टीको वडादेखि, स्थानीय तह, क्षेत्र, संघ र जिल्लास्तरमा भेलाको विषयमा छलफल भइरहेका छन् । 'भेलालाई कसरी सफलतापूर्वक सम्पन्न गर्ने र सांगठनिक प्रतिवेदन तयार पार्ने भनेर छलफल भइरहेको छ ।', उनका अनुसार जिल्लाभर भेलामा सहभागी हुनका लागि क्षेत्रीय प्रतिनिधि, पार्टी, भातृ र शुभेच्छुक संगठनका पदाधिकारीलाई अनुरोध गर्ने काम भइरहेको छ ।

# वनदेवी टोलमा शर्मा

समाज संवाददाता

हेटौंडाः हेटौंडा-७, नागश्वतीस्थित वनदेवी टोल विकास संस्थाको अध्यक्षमा कमला शर्मा बास्तोला चयन हुनु भएको छ । शनिबार भएको संस्थाको १७ औं वार्षिक साधारणसभाबाट शर्माको नेतृत्वमा ११ सदस्यीय कार्यसमिति चयन भएको हो ।

संस्थाको उपाध्यक्षमा अम्बिका तिमल्सिना, सचिवमा मन्जु लम्साल, कोषाध्यक्षमा अनिता उप्रेती र सहसचिवमा लक्ष्मी उप्रेती चयन भएका छन् । यस्तै सदस्यहरूमा मिना अधिकारी, सीता त्रिपाठी, इस्ता थापा, लक्ष्मी गौतम र बिपिका गौतम चयन भएका छन् ।

साधारणसभा वनदेवी टोल विकास संस्थाका अध्यक्ष रिना थापाको सभाध्यक्षता तथा हेटौंडा-७ का वडा अध्यक्ष दामोदर गौतमको प्रमुख आतिथ्यमा भएको हो । साधारणसभामा वडा सदस्य श्यामसुन्दर परियार, टोल विकास नगर समन्व्य समितिका उपाध्यक्ष विष्णु ढुंगाना, इच्छादेवि टोल विकास संस्थाका अध्यक्ष युवराज गौतम लगायतको पनि आतिथ्य रहेको थियो ।

# ४५ जनाद्वारा रक्तदान




*रक्तदान गर्दै रक्तदाता ।*

समाज संवाददाता

हेटौंडाः हेटौंडा-१७, हटियामा भएको रक्तदान कार्यक्रममा ४५ जनाले रक्तदान गरेका छन् । शनिबार भएको रक्तदान कार्यक्रममा ४५ जनाले रक्तदान गरेका हुन् । ४० जना पुरुष र ५ जना महिलाले रक्तदान गरेका रक्तसञ्चार केन्द्र हेटौंडाका प्राविधिक विष्णु रिमालले जानकारी दिनुभयो ।

डिभाइन युथ क्लब हेटौंडाका आयोजना तथा नेपाल रेडक्रस सोसाइटी हटिया उपशाखाको सहकार्य र रक्तसञ्चार केन्द्र हेटौंडाको प्राविधिक सहयोगमा रक्तदान कार्यक्रम भएको हो । अहिले रक्तसञ्चार केन्द्रमा सबै समूहको रगत मौज्दातमा भएपनि बी नेगेटिभ रगत अभाव भएको प्राविधिक रिमालले बताउनुभयो । रक्तसञ्चार केन्द्र हेटौंडामा संकलन भएको रगत हेटौंडाका अस्पतालका साथै भरतपुर, वीरगन्ज र लहानका अस्पतालमा पठाउने गरिएको रिमालको भनाइ छ ।

# सिराहामा बुद्यौली साहित्य समाज

समाज संवाददाता

हेटौँडाः सिराहामा बुढ्यौली साहित्य समिति गठन भएको छ । शनिबार ७५ वर्षीय गणेशकुमार अधिकारीको संयोजकत्वमा समिति गठन गरिएको हो । समितिको उपाध्यक्षमा जिवछ उदासी, सचिवमा प्रचण्ड कटुवाल, कोषाध्यक्षमा सुशीला राई चयन हुनुभएको छ। सदस्यमा तुलसा काफ्ले दाहाल, यमुना पन्जियार तथा भैरव गेलाल रहनुभएको छ ।

कार्यक्रममा नन्दलाल आचार्य, लम्बोदर काफ्ले, प्रेम घिमिरे, रामचन्द्र पौडेल, नारद काफ्ले, गणेश तिमल्सिना, रोहित न्यौपाने, समीर कर्ण, गजल आचार्यले आफ्ना कविता, मुक्तक तथा गजल वाचन गर्नुभएको थियो । रामरिझन यादव तथा विशिष्ट अतिथि रमेशमोहन अधिकारीले मन्तव्य व्यक्त गर्नुभएको कार्यक्रमको प्रमुख आतिथ्य कर्जन्हा नगरपालिका प्रमुख भोला पोखरेलले गर्नुभएको थियो । पीभीएम आवासीय मावि कर्जन्हा-२, बन्दीपुरमा भएको कार्यक्रमको सभाध्यक्षता गणेशकुमार अधिकारीले गर्नुभएको थियो ।

# श्रमिक सुरक्षितको साधारणसभा सम्पन्न




*नियमित मासिक बचतकर्ताको रुपमा उत्तर बहादुर श्रेष्ठलाई सम्मान गर्दै ।*

समाज संवाददाता

हेटौंडाः हेटौंडा-४ स्थित श्रमिक सुरक्षित बचत तथा ऋण सहकारी संस्था लिमिटेडको १५ वार्षिक साधारणसभा सम्पन्न भएको छ । सभाको शनिबार राष्ट्रिय सभा सदस्य गोमादेवी तिमल्सिनाले उद्घाटन गर्नुभयो ।

साधारणसभामा संस्थाका अध्यक्ष नवराज अर्यालले संस्थाको प्रतिवेदन तथा प्रस्तावहरु प्रस्तुत गर्नुभएको छ। २ हजार १ सय २९ सेयर सदस्य रहेको संस्थाको अहिले ३ करोड ५८ लाख ६१ हजार ६ सय रुपैयाँ सेयर पुँजी रहेको छ । सहकारीले १४ करोड ३१ लाख ५५ हजार रुपैयाँ बचत संकलन गरेको छ भने आठ करोड ४० लाख रुपैयाँ ऋण लगानी गरेको छ । साधारणसभाको अवसरमा संस्थाले ज्येष्ठ सदस्यको रुपमा ज्ञान प्रसाद घिमिरे र राममाया भ्लोन, नियमित मासिक बचतकर्ताको रुपमा उत्तर बहादुर श्रेष्ठ, अधिकतम बचतकर्ता विजया कुमारी दुलाल, ऋणमा अधिकतम ब्याज तिर्ने राजु गौतम र नियमित ऋणको किस्ता भुक्तानी गर्ने सदस्य तेज बहादुर स्याङ्बोलाई सम्मान गरेको छ । यस्तै एसईईमा उत्कृष्ट नतिजा ल्याउने सदस्यका छोराछोरीहरु सुजल महर्जन, रचना उप्रेती र रिना गौतमलाई सम्मान गरिएको छ ।

साधारणसभामा हेटौंडा-४ का वडाध्यक्ष नवीन सिग्देल, मकवानपुर जिल्ला बचत संघकी उपाध्यक्ष मिना चौरेल र राष्ट्रिय सहकारी बैंक हेटौंडा शाखाका प्रबन्धक रामेश्वर अर्याल लगायतको उपस्थिति रहेको थियो ।

हेटौंडा रिफरेन्स ल्यावरोटरी

ELISA, CLIA तथा फुल्लि अटोमेटेड मेसिनद्वारा रगतको स्पेसल जाँचहरु गरिन्छ ।



Papcytology
-थाईराईड
-क्यान्सर
-रक्तअल्पता
-वाथरोग
-बाँझोपन
-भाइरस सम्बन्धी सम्पूर्ण परीक्षण गरिन्छ ।

साथै रगत, दिसा, पिसाब, पिप कल्चर समेत गरिन्छ ।

(HRL)

खुल्ने समयः विहान ७:00 बजेदेखि बेलुका ७:00 बजेसम्म

सञ्चालनको छोटो अवधिमै हाम्रो सेवालाई विश्वास गर्दै सेवा गर्ने अवसर दिनुहुने सम्पूर्ण सेवाग्राहीप्रति आभारसहित अब प्रत्येक महिनाको दोस्रो शनिबार सुगर जाँच निशूल्क र चौथो शनिबार थाइराइड जाँचमा ५0 प्रतिशत छुट हुने सहर्ष जानकारी गराउँदछौं ।

थप जानकारीको लागि HRL

हेटौंडा रिफरेन्स ल्यावरोटरी

हेटौंडा–१, भिन्तुनापथ सम्पर्क फोन नं.: ०५७–५२०४५७

स्वादिष्ट नेवारी खाजा

अब



होटल बासुकला (फास्टफुड) मा

स्वादका पारखीको विश्वास जित्दै २५ बर्षदेखि निरन्तर सेवामा समर्पित स्वादिष्ट नेवारी खाजा घरमा स्वागत गर्दछौं ।

नेवारी खाजा सेट, मःम, चाउमिन, बारा, योमरी लगायत

सुख्खा रोटी, आलु पराठा, फ्राइ राइस, मटन मम, बिरयानी, कोन डग, सेकुवा, चिकेन क्रन्ची,

होम डेलिभरीको पनि सुविधा रहेको जानकारी गराउँदछौं ।

हेटौंडा-४ पारिजातपथ, ०५७-५२६०१३

सामुदायिक रेडियो, रेडियो निकास ९३.४ मेगाहर्ज सुनौं र सुनाऔं

The Voice of Community

समृद्धि प्रकाशन प्रा.लि. द्वारा प्रकाशित, ठेगानाः हेटौंडा-४, अजरअमररोड, ०५७-५२६८३०, Email:sambridhasamaj@gmail.com, website:www.samriddhasamaj.com, प्रबन्ध निर्देशकः रोजिना श्रेष्ठ, सम्पादकः सुरेश श्रेष्ठ